जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

# गढी गाउँपालिका

## स्थानीय राजपत्र

खण्डः　　　　संख्याः　　　　मितिः २०८२।११।१३

भाग-१

गढी गाउँपालिका

# गढी गाउँपालिकाको डिप ट्युबवेल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२

## प्रस्तावना

कृषि क्षेत्रको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न भूमिगत सिँचाइ प्रणाली विकास गरी बाह्रै महिना सिँचाइ सुविधा उपलब्ध गराउन र यस गाउँपालिकाको स्वीकृत वार्षिक कार्यक्रममा साना तथा मझौला कृषकहरूलाई लक्षित गरी डिप ट्युबवेल कार्यक्रम सञ्चालन गर्न आवश्यक देखिएकाले गाउँपालिकाले यो कार्यविधि स्वीकृत गरी लागू गरेको छ।

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम **"गढी गाउँपालिकाको डिप ट्युबवेल सञ्चालन तथा व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८२"** रहेको छ।

(२) यो कार्यविधि गाउँ कार्यपालिकाले स्वीकृत गरेको मितिदेखि लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(क) **"आन्तरिक आय"** भन्नाले नेपालको संविधान बमोजिम तोकिएको क्षेत्रमा लगाइएको कर, दस्तुर, शुल्क र प्रचलित कानून बमोजिम भएको दण्ड, जरिवाना रकम समेतलाई सम्झनु पर्छ।

(ख) **"आयोजना"** भन्नाले कुनै भौगोलिक क्षेत्र वा कार्यक्षेत्रमा निश्चित अवधि र लगानी रकम तोकी निर्धारित उद्देश्य प्राप्तिका लागि तयार गरिएको व्यवस्थित क्रियाकलाप सम्झनु पर्छ।

(ग) **"उपभोक्ता समिति"** भन्नाले आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरूबाट कुनै आयोजना तथा कार्यक्रम जडान तथा सञ्चालन गर्न आफूहरू मध्येबाट गठन गरेको समिति सम्झनु पर्छ।

(घ) **"ऐन"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ सम्झनु पर्छ।

(ङ) **"कार्यक्रम"** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको क्षेत्रगत वा बहुक्षेत्रगत आयोजनाहरूको संयोजित रूप सम्झनुपर्छ।

(च) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलित कानून बमोजिम स्थापना तथा सञ्चालन भएका गैरनाफामूलक, सामाजिक, जनहितकारी संस्था सम्झनु पर्छ र यस शब्दले निजी क्षेत्र समेतलाई जनाउने छ।

(छ) **"ठूला मेसिनरी उपकरण"** भन्नाले ठूला प्रकृतिका (बुलडोजर, एक्साभेटर, ब्याक हो लोडर, ट्यूबवेल मेसिन आदि जस्ता) श्रममूलक प्रविधिलाई विस्थापित गर्ने खालका मेसिनरी उपकरण सम्झनु पर्छ।

(ज) **"गाउँ सभा"** भन्नाले गढी गाउँपालिकाको गाउँ सभालाई सम्झनुपर्छ।

(झ) **"गाउँपालिका"** भन्नाले गढी गाउँपालिकालाई सम्झनु पर्छ।

(ञ) **"प्रमुख"** भन्नाले गढी गाउँपालिकाको अध्यक्षलाई सम्झनु पर्छ।

(ट) **"उपप्रमुख"** भन्नाले गढी गाउँपालिकाको उपाध्यक्षलाई सम्झनु पर्छ।

(ठ) **"वित्तीय समानीकरण"** भन्नाले सङ्घीय तथा प्रदेश सरकारबाट प्रचलित ऐन, नियम, नीति तथा निर्णय अनुसार गाउँसभाको निर्णयले खर्च गर्न सक्ने गरी प्राप्त अनुदान सम्झनु पर्छ ।

(ड) **"सशर्त अनुदान"** भन्नाले सङ्घीय वा प्रदेश सरकारले खास शर्त तोकी उपलब्ध गराएको अनुदान सम्झनु पर्छ।

(ढ) **"मन्त्रालय"** भन्नाले सङ्घीय तथा प्रदेश सरकारका मन्त्रालयहरू सम्झनु पर्छ ।

(ण) **"विकास साझेदार"** भन्नाले गाउँपालिकालाई आर्थिक, प्राविधिक एवं वस्तुगत सहयोग उपलब्ध गराउने द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकाय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था र निजी क्षेत्र र समुदायमा आधारित संस्थालाई सम्झनु पर्छ।

(त) **"लक्षित समूह"** भन्नाले आर्थिक एवं सामाजिक रूपमा पछाडि परेका वर्ग एवं समुदाय (विभिन्न जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुस्लिम, अल्पसङ्ख्यक तथा पिछडिएका वर्ग) एवं लक्षित समूह भनी तोकिएका वर्ग तथा समुदाय सम्झनु पर्छ।

(थ) **"स्रोत"** भन्नाले गाउँपालिकालाई उपलब्ध हुने सबै प्रकारका अनुदान, आन्तरिक आय, ऋण, सापटी, विकास साझेदारबाट प्राप्त सहयोगलाई सम्झनु पर्छ।

(द) **"वडा अध्यक्ष"** भन्नाले गाउँपालिकाको वडा समितिको अध्यक्षलाई सम्झनु पर्नेछ।

(ध) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ बमोजिमका प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ।

(न) **"सामाजिक परीक्षण"** भन्नाले गाउँपालिकाको योजना, नीति, सञ्चालित कार्यक्रम, आयोजना कार्यान्वयन र सेवा प्रवाहले आर्थिक, सामाजिक विकासमा गरेको समग्र योगदानको लेखाजोखा, विश्लेषण र मूल्याङ्कन कार्य सम्झनु पर्छ।

(प) **"सार्वजनिक परीक्षण"** भन्नाले गाउँपालिकामा सञ्चालित कार्यक्रम वा आयोजनाको लक्ष्य, उद्देश्य, यसबाट प्राप्त नतिजा, उपलब्धि र खर्च आदिको बारेमा सरोकारवालाहरूलाई जानकारी गराई उनीहरूबाटै लेखाजोखा र मूल्याङ्कन गर्ने, गराउने कार्यलाई सम्झनु पर्छ।

(फ) **"योजना"** भन्नाले गाउँपालिकाको सर्वाङ्गीण विकासका लागि तयार पारिएको आवधिक, वार्षिक, क्षेत्रगत तथा गाउँ विकास गुरुयोजनालाई सम्झनु पर्छ।

(ब) **"ट्युबवेल"** भन्नाले गाउँपालिका अन्तर्गत कृषि क्षेत्र विकासका लागि जडान गरिएको बोरिङलाई सम्झनु पर्छ।

(भ) **"निर्धारित जग्गा"** भन्नाले गाउँपालिका अन्तर्गत कृषि उत्पादनका लागि सिँचाइमूलक डिप ट्युबवेलले सिँचाइ गर्न सक्ने जग्गालाई सम्झनु पर्छ।

(म) **"जडान समिति"** भन्नाले कृषि उत्पादनका लागि खटिने कृषकहरू मध्येबाट डिप ट्यूबवेल जडानका लागि छानिएको समूहलाई सम्झनु पर्छ।

(य) **"सञ्चालन समिति"** भन्नाले कृषि उत्पादनका लागि खटिने कृषकहरू मध्येबाट डिप ट्यूबवेल सञ्चालनका लागि छानिएको समूहलाई सम्झनु पर्छ।

## परिच्छेद - २

## डिप ट्युबवेल जडान

**३. जग्गाको क्षेत्रफल निर्धारण र जडानः**

गाउँपालिका अन्तर्गत रहेका जग्गाहरूको क्षेत्रफल निर्धारण गरी देहाय बमोजिमका सिँचाइमूलक डिप ट्युबवेल जडान गरिनेछ:

**(१) ४ इन्च (4") बोरिङका लागि:**

(क) सञ्चालन समिति सदस्य सङ्ख्या: ३ सदस्यीय समिति

(ख) जग्गाको क्षेत्रफल: ५ बिघा

(ग) लागत सहभागिता: ३० प्रतिशत

**(२) ६ इन्च (6") बोरिङका लागि:**

(क) सञ्चालन समिति सदस्य सङ्ख्या: ५ सदस्यीय समिति

(ख) जग्गाको क्षेत्रफल: ७.५ बिघा

(ग) लागत सहभागिता: ३० प्रतिशत

**(३) ८ इन्च (8") बोरिङका लागि:**

(क) सञ्चालन समिति सदस्य सङ्ख्या: ७ सदस्यीय समिति

(ख) जग्गाको क्षेत्रफल: १० बिघा

(ग) लागत सहभागिता: ३० प्रतिशत

**४. मर्मत सम्भार कोषः** गाउँपालिका क्षेत्रभित्र निर्मित पूर्वाधारहरूको दिगोपनका लागि नियमित मर्मत सम्भार गरी निरन्तर सञ्चालनमा ल्याउन सञ्चालन दस्तुर बापतको रकम यस कोषमा राखी सोही प्रयोजनमा खर्च गर्नु पर्नेछ।

**५. कन्टिन्जेन्सी:** गाउँपालिकाबाट सञ्चालित योजना व्यवस्थित रूपमा सञ्चालन गर्न आवश्यक प्राविधिक तथा अन्य उपकरण खरिद, रेखदेख, मर्मत सम्भार तथा अन्य लजिस्टिक सहायताका लागि विनियोजित बजेटबाट योजना सञ्चालन गर्ने निर्धारित बजेटको ३ (तीन) प्रतिशत रकम कट्टी गरी सोही प्रयोजनका लागि खर्च गर्नु पर्नेछ ।

**६. कागजात पेश गर्नुपर्ने:** यस कार्यविधि बमोजिम डिप ट्यूबवेल जडान तथा योजना सम्झौताका लागि सम्बन्धित कृषक समूह, कृषि सहकारी वा फर्मले देहायका कागजातहरू संलग्न गरी कार्यालयमा पेश गर्नुपर्नेछ:

(क) तोकिएको ढाँचामा निवेदन (अनुसूची-१ बमोजिम),
(ख) समूह वा सहकारीको हकमा सम्बन्धित निकायमा दर्ता तथा नवीकरण भएको प्रमाणपत्रको प्रतिलिपि,
(ग) निवेदकको नागरिकता वा परिचय खुल्ने प्रमाणपत्रको प्रतिलिपि,
(घ) कृषक समूह/कृषि सहकारीको हकमा योजना सञ्चालन गर्ने सम्बन्धमा भएको कार्यसमितिको निर्णयको प्रतिलिपि,
(ङ) कृषि समूह/कृषि फर्म/कृषि सहकारीको हकमा पछिल्लो आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि,
(च) वडा कार्यालयको सिफारिस पत्र,
(छ) लागत साझेदारी गर्ने प्रतिबद्धता पत्र (अनुसूची-२ बमोजिम),
(ज) परिच्छेद २ को दफा ३ मा निर्धारित क्षेत्रफल बमोजिमको जग्गाको लालपुर्जाको प्रमाणित प्रतिलिपि र सम्बन्धित जग्गाधनीको नागरिकताको प्रमाणित प्रतिलिपि।

## परिच्छेद ३

## डिप ट्युबवेल सञ्चालन र व्यवस्थापन प्रक्रिया

**७. कार्यान्वयन प्रक्रिया:**

गाउँसभाबाट स्वीकृत डिप ट्यूबवेल जडान तथा सञ्चालन कार्यक्रम वा आयोजनाहरू देहायको प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछन्:

(क) योजना तथा कार्यक्रमहरू कार्यान्वयन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ र खर्च गर्ने अख्तियारीमा उल्लिखित मार्गदर्शन तथा द्विपक्षीय तथा बहुक्षेत्रगत सम्झौताका शर्तहरूको पालना गर्नुपर्नेछ।

(ख) वार्षिक खरिद योजना र वार्षिक कार्य सञ्चालन योजना अनुसार कार्य गर्नु गराउनु पर्नेछ।

(ग) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा सामाजिक परिचालनका पक्षलाई समेत ध्यान दिनु पर्नेछ। यसका लागि सामाजिक परिचालक, विकास साझेदारहरू, विषयगत कार्यालयहरू र सामुदायिक संस्था तथा गैरसरकारी संस्थाहरूको समेत सहयोग लिन सकिनेछ।

(घ) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति/जडान समिति मार्फत सञ्चालन हुने कार्यको हकमा कार्यतालिका बमोजिम उपभोक्ता समिति गठन गरी सम्झौताका लागि यस गढी गाउँपालिकाको योजना शाखामा जानकारी दिनुपर्नेछ।

(ङ) वार्षिक कार्ययोजना तथा खरिद योजना अनुसार कार्यक्रम वा आयोजनाहरू कार्यान्वयनका लागि कार्यतालिका बमोजिम लागत अनुमान (Estimate), ड्रोइङ, डिजाइन तथा नक्सा तयार गरी स्वीकृत बजेटको अधीनमा रही कार्य गराउनु पर्नेछ।

(च) आयोजना तथा कार्यक्रम सञ्चालन गर्दा पेश्की दिने कार्यलाई निरुत्साहित गरी कामको आधारमा भुक्तानी दिने प्रणाली अवलम्बन गर्नु पर्नेछ। तर स्वीकृत खरिद योजना बमोजिम आयोजना सञ्चालनका लागि प्रचलित कानून बमोजिम रनिङ बिल (Running Bill) दिन बाधा पर्ने छैन।

(छ) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्दा गैरसरकारी संस्थाबाट सञ्चालन, रेखदेख र मर्मत सम्भार गर्ने कार्यका लागि प्रोत्साहन गर्नु पर्नेछ। विषयगत शाखा र सामुदायिक संस्थाबाट समेत कार्यक्रम वा आयोजना कार्यान्वयन गर्न सकिनेछ ।

(ज) आयोजना तथा कार्यक्रम कार्यान्वयन गर्ने उपभोक्ता समिति वा अन्य निकायले गाउँपालिकाबाट उपलब्ध हुने रकम छुट्टै बैङ्क खाता खोली सञ्चालन गर्नु पर्नेछ ।

(झ) आयोजनाको स्वीकृत लागत अनुमान अनुसारका खरिद गर्नुपर्ने निर्माण सामग्रीहरू स्वीकृत खरिद योजना बमोजिम तोकिएको समयभित्र आयोजना कार्यान्वयन गर्ने निकायले खरिद व्यवस्था गर्नु पर्नेछ ।

(ञ) प्रचलित कानून बमोजिम आयोजनाको हिसाबकिताब राख्ने र फरफारक गर्ने गराउने जिम्मेवारी कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायको हुनेछ। यस सम्बन्धमा सम्बन्धित वडाध्यक्ष र सचिवले आवश्यक सहयोग गर्नु पर्नेछ ।

(ट) गाउँपालिकाबाट सञ्चालित आयोजनाको विवरण राख्ने, नगदी जिन्सीको लेखा दुरुस्त राख्ने, आन्तरिक लेखा परीक्षण गराउने र नियमित प्रगति प्रतिवेदन तयार गर्ने जिम्मेवारी आर्थिक प्रशासन तथा योजना शाखा प्रमुखको हुनेछ ।

(ठ) कार्यक्रम वा आयोजना कार्यान्वयन गर्ने निकायले सम्झौतामा तोकिएको समयभित्र कार्य सम्पन्न गर्नुपर्नेछ। मनासिव कारण भएमा समयमै म्याद थप गराउनु पर्नेछ।

(ड) जानीजानी वा लापरवाहीका कारण तोकिएको समयमा कार्य सम्पन्न नगर्ने समिति वा निकायसँग गाउँपालिकाले सम्झौता भङ्ग गरी हर्जाना समेत लिई वैकल्पिक व्यवस्था गर्न सक्नेछ।

(ढ) तीन लाख रुपैयाँभन्दा माथिका आयोजनाको विवरण सहितको सूचना पाटी (Information Board) आयोजना स्थलमा अनिवार्य रूपमा राख्नु पर्नेछ।

(ण) उपभोक्ता समितिबाट जनसहभागिता वा लागत सहभागितामा आधारित आयोजना सञ्चालन गर्दा कुल आयोजनाको ३ (तीन) प्रतिशत कन्टिन्जेन्सी रकम कट्टा गरी बाँकी रहेको रकमको ३० प्रतिशत जनसहभागिता जुटाई कार्य गराउनु पर्नेछ । कुनै व्यक्तिले लागत सहभागितामा अवरोध गरेमा गाउँपालिकाले उपलब्ध गराउने सेवा सुविधाहरूमा रोक लगाउन सक्नेछ ।

**८. लागत अनुमान सम्बन्धी व्यवस्था:**

(क) आयोजनाहरूको लागत अनुमान, नक्सा र डिजाइन गाउँपालिकाको प्राविधिक कर्मचारी वा तोकिएको परामर्शदाताबाट गराउनु पर्नेछ।

(ख) लागत अनुमान तयार गर्दा स्वीकृत दररेटको आधारमा गर्नुपर्नेछ।

(ग) लागत अनुमानको स्वीकृति सार्वजनिक खरिद ऐन र नियमावली बमोजिम गर्नुपर्नेछ।

**९. उपभोक्ता समिति मार्फत कार्यक्रम तथा योजना सञ्चालन सम्बन्धी व्यवस्था:**

उपभोक्ता समिति मार्फत कार्यक्रम तथा योजना सञ्चालन गर्दा देहाय बमोजिमका व्यवस्थाहरू पालना गर्नुपर्नेछ:

(क) गाउँपालिकाबाट कार्यक्रम वा आयोजना स्वीकृत भएपछि उपभोक्ता समिति मार्फत सञ्चालन गरिने कार्यको हकमा बढीमा १५ (पन्ध्र) दिनभित्र उपभोक्ता समिति गठन गरी सम्झौताका लागि यस गाउँपालिकाको योजना शाखामा जानकारी दिनुपर्नेछ। तोकिएको समयभित्र समिति गठन हुन नसकेमा अन्य वैकल्पिक उपाय अवलम्बन गरी आयोजना सञ्चालन गरिनेछ।

(ख) गाउँपालिकाले आयोजना वा कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट अधिकतम सहभागिता हुने आयोजनालाई प्राथमिकता दिनुपर्नेछ। जनसहभागिताको प्रतिशत परिवर्तन गर्नुपरेमा गाउँ कार्यपालिकाले तोके बमोजिम हुनेछ।

(ग) कार्यक्रम स्वीकृत नभएको वा सम्झौता हुनुपूर्व नै कार्य सम्पन्न भएको भनी भुक्तानी माग गरिएको खण्डमा त्यस्ता आयोजनाहरूको रकम भुक्तानी गरिने छैन।

(घ) स्वीकृत लागत अनुमान (Estimate) भन्दा बाहिर गएर गरिएको काम वा स्वीकृत नभएका 'आइटम' हरूको भुक्तानी हुने छैन। यस्तो कार्य गर्ने समितिलाई आवश्यकता अनुसार कालो सूचीमा राख्न सकिनेछ।

(ङ) उपभोक्ता समितिका पदाधिकारीहरू (अध्यक्ष, सचिव र कोषाध्यक्ष) लाई योजना सञ्चालन, खाता व्यवस्थापन, पारदर्शिता र अनुगमनका विषयमा सामूहिक रूपमा अनुशिक्षण प्रदान गरिनेछ।

(च) उपभोक्ता समितिले गरेको खर्चको विवरण सार्वजनिक गरी उपभोक्ताहरू र गाउँपालिकालाई जानकारी दिनुपर्नेछ। गाउँपालिकाबाट हुने निरीक्षण र निर्देशनको पालना गर्नु समितिको कर्तव्य हुनेछ।

(छ) आयोजना कार्यान्वयन गर्ने निकाय वा उपभोक्ता समितिले आयोजनाको भौतिक तथा वित्तीय प्रगति प्रतिवेदन समय-समयमा सार्वजनिक गरी गाउँपालिकामा समेत पेश गर्नुपर्नेछ।

(ज) समितिसँग सम्झौता गर्नुअघि सम्बन्धित शाखाले प्रचलित कानून र कार्यविधि बमोजिम समिति गठन भए-नभएको र आवश्यक कागजात संलग्न रहे-नरहेको यकिन गरी सम्झौताको प्रक्रिया अगाडि बढाउनेछ।

(झ) उपभोक्ता समिति र गाउँपालिका बीच हुने सम्झौता पत्रमा आयोजनाको कुल लागत, काम सुरु गर्ने र सम्पन्न गर्ने अवधि तथा उपभोक्ताको योगदान (जनश्रमदान वा नगद) स्पष्ट रूपमा उल्लेख हुनुपर्नेछ।

(ञ) उपभोक्ता समितिले योजना सञ्चालन गर्दा सम्झौता र समितिको निर्णय बमोजिम गर्नुपर्नेछ। समितिको बैठक आवश्यकता अनुसार बस्नेछ र भएका निर्णयहरू गाउँपालिकालाई जानकारी गराउनुपर्नेछ।

(ट) योजनाको फरफारक (Final Payment) गर्नुअघि समीक्षाका लागि उपभोक्ता समूहको बैठक बोलाई छलफल गराउनुपर्नेछ। सो बैठकको उपस्थिति र निर्णयको प्रतिलिपि गाउँपालिकामा पेश गर्नुपर्नेछ।

(ठ) उपभोक्ता समितिले कार्यस्थलमा आयोजनाको लागत, अवधि र पदाधिकारीको विवरण खुल्ने गरी सार्वजनिक बोर्ड राख्नुपर्नेछ र सार्वजनिक परीक्षण (Public Audit) गरेको प्रतिवेदन बुझाउनुपर्नेछ।

(ड) उपभोक्ता समितिले लिएको पेश्की फछ्र्यौट गर्दा प्राविधिक मूल्याङ्कन, नापजाँच र रनिङ बिलको आधारमा गरिनेछ। प्रत्येक किस्तामा भएको खर्च विवरण सार्वजनिक गर्नुपर्नेछ।

(ढ) अन्तिम भुक्तानीका लागि योजनाको फोटो, कार्यसम्पन्न प्रतिवेदन, उपभोक्ता समितिको निर्णय र सम्बन्धित वडाको सिफारिस अनिवार्य रूपमा पेश गर्नुपर्नेछ।

(ण) उपभोक्ता समितिले आयोजनाहरू सञ्चालन गर्दा तोकिएको गुणस्तर कायम गर्ने दायित्व सम्बन्धित वडा समिति, प्राविधिक कर्मचारी र उपभोक्ता समितिको हुनेछ। अनुगमनका क्रममा काम ठेक्कामा दिएको पाइएमा भुक्तानी रोक्का गरिनेछ।

**१०. सार्वजनिक, निजी, सामुदायिक सहकार्य:**

(१) सार्वजनिक निजी सामुदायिक सहकार्य गर्दा देहाय बमोजिम गर्नुपर्नेछ:

(क) गाउँपालिकाले सञ्चालन गर्ने विकास निर्माण लगायत सेवा खरिद र सेवा प्रवाहका कार्यहरू सार्वजनिक निजी साझेदारी अन्तर्गत गराउन सक्नेछ।

(ख) निजी क्षेत्र आकर्षित हुन सक्ने सम्भावित क्षेत्रहरूको पहिचान गरी त्यस्ता क्षेत्रहरूमा साझेदारीमा काम गर्न गाउँपालिकाले निजी क्षेत्रलाई आह्वान गर्न सक्नेछ।

(ग) गाउँपालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका गैरसरकारी संस्था, निजी क्षेत्र, सामुदायिक संस्थाबाट सञ्चालन हुने कार्यक्रम वा आयोजनामा परिपूरकता कायम गर्नुका साथै यस्ता संस्थाहरूसँग साझेदारीमा कार्यक्रम वा आयोजनाहरू सञ्चालन एवम् कार्यान्वयन गर्न सकनेछ।

(२) ठेक्का सम्बन्धी व्यवस्था: उपभोक्ता समितिबाट कार्य सम्पन्न हुन नसक्ने भनी यकिन भएका र प्राविधिक रूपमा कठिन प्रकृतिका आयोजनाहरू गाउँपालिकाले प्रचलित कानून बमोजिम ठेक्काद्वारा काम गराउनु पर्नेछ।

**११. आयोजना मर्मत सम्भार तथा हस्तान्तरण:**

(१) आयोजना सञ्चालन गर्ने निकायले सम्पन्न भइसकेका आयोजनाहरूको नियमित रेखदेख र मर्मत सम्भार कार्य आफैंले गर्ने वा त्यस्ता आयोजनाको स्वामित्व समेत सम्बन्धित उपभोक्ता समिति, सामुदायिक संस्था वा गैरसरकारी संस्थालाई हस्तान्तरण गरी दिगो रूपमा सञ्चालन हुने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) हस्तान्तरित आयोजनाको नियमित सञ्चालन र मर्मत सम्भारका लागि उपभोक्ता समिति वा सामुदायिक संस्थाले गाउँपालिकाको स्वीकृतिमा आवश्यक सेवा शुल्क लिन र सो रकम राख्नका लागि छुट्टै कोष खडा गर्न सक्नेछ ।

## परिच्छेद ४

## अनुगमन तथा सुपरिवेक्षण

**१२. अनुगमन समितिः**

योजना तथा कार्यक्रमको अनुगमन तथा सुपरिवेक्षण गर्न देहाय बमोजिमको समिति रहनेछ:

क) गाउँ प्रमुख - संयोजक

ख) गाउँ उपप्रमुख - सदस्य

ग) प्राविधिक शाखा प्रमुख वा इन्जिनियर - सदस्य

घ) सम्बन्धित वडाका वडा अध्यक्ष - सदस्य

ङ) योजना प्रमुख - सदस्य सचिव

**१३. समितिको काम, कर्तव्य र अधिकारः**

(१) अनुगमन तथा सुपरिवेक्षण समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ:

(क) आयोजनाको कार्यान्वयनमा सहजीकरण गर्ने तथा देखिएका बाधा, व्यवधान र समस्या समाधानका लागि आवश्यक सुझाव र निर्देशन दिने।

(ख) आयोजनाको कार्यान्वयन कार्यतालिका अनुसार भए-नभएको यकिन गर्ने र नभएको पाइएमा सम्बन्धित पक्षलाई सचेत गराई कार्यतालिका अनुसार काम गर्न लगाउने।

(ग) विभिन्न शाखा वा अन्य सरकारी क्षेत्रबाट सञ्चालित कार्यक्रम वा आयोजनाहरूको अनुगमन गर्ने।

(घ) गैरसरकारी संस्थाबाट सञ्चालित आयोजना तथा कार्यक्रमहरूको अनुगमन गरी सोको आवधिक र वार्षिक प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।

(ङ) आयोजना सञ्चालनबाट स्थानीय जनतालाई पुगेको सुविधा, सेवाको गुणस्तर र सेवामा वृद्धि गराउनु पर्ने अवस्थाको सुपरिवेक्षण गरी जानकारी लिने।

(च) सम्झौता र प्रचलित कानून बमोजिम कार्यक्रम तथा आयोजना सञ्चालन नगरेको पाइएमा तत्काल उक्त कार्य रोकी सोको प्रतिवेदन गाउँपालिकामा पेश गर्ने।

**१४. जनसहभागिता एवम् लागत सहभागिताः**

(१) कार्यक्रम वा आयोजना तर्जुमा, सञ्चालन, अनुगमन तथा मूल्याङ्कन लगायत आयोजनाका प्रत्येक चरणमा अधिकतम सहभागिता जुटाउने प्रयत्न गर्नु सम्बन्धित टोलवासीहरूको कर्तव्य हुनेछ।

(२) सहभागिताको अंश निर्धारण गर्दा अति विपन्न परिवार र लक्षित समूहलाई विशेष सहुलियत दिन सकिनेछ र लागत सहभागिता व्यहोर्न नसकेकै कारणबाट लक्षित समूहलाई आयोजनाको लाभबाट वञ्चित गरिने छैन।

## परिच्छेद ४

## विविध

(१५) यस कार्यविधि स्वीकृत हुनुभन्दा अघि सञ्चालन भएका योजनाहरूको फरफारक यसै कार्यविधि अनुसार भएको मानिनेछ।

(१६) गाउँ कार्यपालिकाले आवश्यकता अनुसार यस कार्यविधिलाई संशोधन गर्न सक्नेछ।

(१७) द्रष्टव्यः माथि जेसुकै लेखिएको भए तापनि डिप ट्युबवेल सम्बन्धी सम्पूर्ण योजना जडान, सञ्चालन, लाभग्राही छनौट र उपभोक्ता समिति गठन सम्बन्धी अन्तिम निर्णय तथा जिम्मेवारी गाउँ कार्यपालिकाको हुनेछ।

राधा

नीलम

सानी

अनुसुची १

परिच्छेद – २ दफा ६(क) सँग सम्बन्धित

श्रीमान् अध्यक्ष ज्यू/प्रमुख प्रशासकीय अधिकृत ज्यू , मिति:.........................
गढी गाउँपालिका,
औरावनी , सुनसरी ।

विषयः डिप ट्युबवेल उपलब्ध गराईदिने बारे।

महोदय,

उपरोक्त सम्बन्धमा गढी गाउँपालिका कृषि विकास शाखाको मिति .......................... गतेको प्रकाशित सूचना अनुसार यस गढी गा.पा.बाट संचालन हुने डिप ट्युबवेल सिंचाई सम्बन्धमा हामीलाई जानकारी हुन आयो।

..................................... जिल्लाको ..................................... म.न.पा./उ.म.न.पा./न.पा./गाउँपालिका वडा नं.......................... को हामी सम्पूर्ण उपभोक्ता कृषकहरूको जग्गामा हालसम्म सिंचाईको कुनै पनि सुविधा नभएको/आंशिक रुपमामात्र सिंचाई उपलब्ध हुने भएकोले यस क्षेत्रका हामी सम्पूर्ण कृषकहरूलाई कृषि पेशाबाट आम्दानी गरी जीवन धान्न ज्यादै कठिनाई भइरहेको छ ।

यसकारण यस क्षेत्रका ..................................... बिघा जमिनमा हामी सम्पूर्ण उपभोक्ता कृषकहरू मिली एउटा तदर्थ डिप ट्युबवेल सिंचाई समिति बनाई सिंचाई योजना उपलब्ध गराई पाउँ भनी यो निवेदन पेश गरेका छौं ।

**संलग्न कागजातः-**

१. जग्गा धनीपूर्जाको छाया प्रति ।

२. नेपाली नागरिकता प्रमाण पत्रको प्रतिलिपि ।

३. वडा कार्यालयको सिफारिस ।

४. कृषि समुह, कृषि फर्मको हकमा दर्ता प्रमाण पत्र, कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि तथा कार्यक्रम माग सम्बन्धि निर्णयको प्रतिलिपि ।

५. आ.व. ............... को जग्गाको मालपोत तिरेको रसिदको प्रतिलिपि ।

**निवेदकः**

नामः.................................................................

पदः.................................................................

ठेगानाः.................................................................

साबिकः.................................. टोलः.........................

सम्पर्क नम्बरः.................................................

हस्ताक्षरः.................................................

नीलम

राधा

सानो

अनुसुची २

परिच्छेद – २ दफा ६(छ) सँग सम्बन्धित

मिति:........................

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू
गढी गाउँपालिका,
औरावनी, सुनसरी।

**विषय: लागत साझेदारी गर्ने सम्बन्धमा प्रतिबद्धता पत्र।**

महोदय,

गढी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालयद्वारा मिति .............................. प्रकाशित सूचना अनुसार डिप ट्यूबेल सिचाई कार्यक्रम अन्तर्गत प्रस्ताव आह्वान सम्बन्धी सूचना बमोजिम म/हामी .................................................... ले प्रस्ताव पेश गरेको छु/छौं।

उक्त कार्यक्रमका लागि स्वीकृत भएमा सो कार्यक्रम संचालन गर्दा लाग्ने कुल लागतको ३० प्रतिशत (तिस प्रतिशत) लागत साझेदारी व्यहोर्न म/हामी मन्जुर र प्रतिबद्ध रहेको ब्यहोरा जानकारी गराउँदछु/गराउँदछौं। कार्यक्रम संचालनका क्रममा गाउँपालिकाको कार्यविधि, प्राविधिक मापदण्ड र सम्झौताका सर्तहरूको पूर्ण पालना गर्ने समेत प्रतिबद्धता व्यक्त गर्दछु/गर्दछौं। साथै यस किसिमको कार्यक्रम हाल सम्म अन्य कुनैपनि निकाय बाट नलिएको समेत घोषणा व्यक्त गर्दछु/गर्दछौं ।

**प्रतिबद्धता जनाउने:**

नाम/थर: ................................................
दस्तखत: ................................................
पद (समूह/फर्म भएमा): ................................
ठेगाना: ................................................
मोवाईल नं.: ................................................
मिति: ................................................

आज्ञाले
चुडामणी गुरागांई
प्रमुख प्रशासकीय अधिकृत